कार्यपालिकामा पेश मिति: २०८२/०५ /१३
कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/ ०५ /१३
प्रमाणित मिति:  २०८२/ ०५ /१३

# माई नगरपालिका कार्यसञ्चालन निर्देशिका, (संसोधन सहित) २०८२

यस माई नगरपालिकाको कार्य सञ्चालनलाई प्रभावकारी बनाउन, उपलव्ध स्रोत साधनको परिचालन एवं प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न तथा उत्पादनमुलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

## अनुसूची १

नियम ९ को उपनियम (१)सँग सम्बन्धित

**कर्मचारी तथा पदाधिकारीको लागि मासिक इन्धन सुविधा**

**इन्धन (पेट्रोल/डिजेल लिटरमा)**

| **हाल भएको व्यवस्था** | **ससोधन मार्फत हुने व्यवस्था** | **कारण** |
|---|---|---|
| | नगर प्रमुख/नगर उपप्रमुख- १३० लि. | जिल्ला स्थित बैठकमा जान लामो दुरी पर्ने र प्रदेश कार्यलय सम्मको दुरी टाढा भई अपुग देखिएकोले । |
| प्रमुख प्रशासकीय अधिकृत (चारपाङ्ग्रे)- ६० लि. | प्रमुख प्रशासकीय अधिकृत (चारपाङ्ग्रे)- १२० लि. | जिल्ला स्थित बैठकमा जान लामो दुरी पर्ने र प्रदेश कार्यलय सम्मको दुरी टाढा भई अपुग देखिएकोले । |
| अधिकृतस्तर (दशौं र एघारौं) (चारपाङ्ग्रे) -६० | अधिकृतस्तर (दशौं र एघारौं) (चारपाङ्ग्रे) -८० | विभिन्न कामकाजमा खटिनुपर्ने देखिएकोले । |
| अधिकृतस्तर (आठौं र नवौं) (चारपाङ्ग्रे) -४० | अधिकृतस्तर (आठौं र नवौं) (चारपाङ्ग्रे) -६० | |
| अधिकृतस्तर ६ औ/ ७ औ र ८ औ (मोटरसाइकल / स्कुटर)- १० लि. | अधिकृतस्तर ६ औ/ ७ औ र ८ औ (मोटरसाइकल / स्कुटर)- २० लि. | |
| सहायकस्तर (मोटरसाइकल/स्कुटर)- १० लि. | सहायकस्तर (मोटरसाइकल/स्कुटर)- १५ लि. | |
| | स्वास्थ्य चौकी/बर्थिङ्ग सेन्टर- ५ लि. | |

| | | |
|---|---|---|
| | मे.सु -२० लि, तथा मेडिकल अधिकृत-१० लि | |
| सहयोगी (मोटरसाइकल / स्कुटर) -५ लि. | सहयोगी स्तर बाह्यय कामकाजमा खटाएको अबस्थामा (मोटरसाइकल/ स्कुटर)-५ लि. | |
| | हलुका सवारी चालक -५ लि | |
| | सुरक्षा निकाय लगायत संघ संस्था कार्यपालिकाको निर्णय बमोजिम हुने । | |

**इन्धन सुविधा पाउने आधारहरु,**

१. पदाधिकारी र कर्मचारीको लागि कार्यालयले उपलब्ध गराएको वा आफ्नै गाडी वा मोटरसाइकल हुनुपर्नेछ ।
२. महिना भरी विदामा रहेको अवस्थामा सो महिनाको इन्धन उपलब्ध गराइने छैन ।
३. मासिक कोटा इन्धन सोही महिना भित्र नलगेमा अर्को महिना थप हुने छैन ।
४. दमकल, एम्बुलेन्स , ट्रिपर , जे.सि.वि र सरसफाईका साधनमा आवश्यकता अनुसार इन्धन उपलब्ध गराइनेछ ।
५. कार्यालयको सवारी साधन भएमा सर्भिसिङ्गका लागि कार/जिपको लागि पाँच लिटर मोविल र प्रति मोटरसाईकल एक लिटर मोविल उपलव्ध हुनेछ ।

दुई पाङ्ग्रे ,चारपाङ्ग्रे वा सो भन्दा ठूला साधन सञ्चालनको लगबुक भरी प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ ।

आज्ञाले
चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत